रंगेली नगरपालिका
Rangeli Municipality
नगर कार्यपालिकाको कार्यालय
*Office of Municipal Executive*
रंगेली अस्पताल, रंगेली मोरङ
*Rangeli Hospital, Rangeli Morang.*

**Lab Reagents/Consumables/Chemicals खरिदको लागि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(सूचना प्रकाशित मिति : २०८१/१२/२९

यस रंगेली अस्पतालको प्रयोगशालामा रहेका विभिन्न मेसिन बाट ल्याब टेस्ट गर्दा प्रयोग हुने Reagents/Consumables/Chemicals हरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले आधिकारिक ईजाजत प्राप्त सप्लायर्स वा उत्पादक कम्पनी हरुले आफ्नो फर्म दर्ता प्रमाण पत्र, नवीकरण गरिएको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा (प्यान) दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, हालसम्मको कर चुक्ता प्रमाणपत्र लगायत कागजातहरुको प्रतिलिपी संलग्न गरी निम्न शर्तको अधिनमा रही यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म दरभाउपत्र फारम खरीद गरी १६'औं दिनको १२.०० बजेभित्र रंगेली अस्पतालमा प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। दर्ता भएको प्रस्तावहरु सोही दिन अपरान्ह २.०० बजे पछि खोलिने छ।

**तपसिल**

| सि.नं. | सामानको विवरण | ल.ई. रकम (मू.अ कर बाहेक) | धरौटीं रकम | दरभाउपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|---|
| १. | Lab Reagents/Consumables/Chemicals | २४,६०,४४४.८०।- | ६१,६००.०० | १,०००।- | |

**शर्तहरू**

१. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा विक्री गर्ने र दर्ता गर्ने कार्य गरिनेछ ।

२. दरभाउपत्र दाताले फारम दस्तुर अस्पतालको बिलिङ्ग काउण्टरमा जम्मा गरी सोको भौचर संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

३. दरभाउपत्र दाताले धरौटी वापतको रकम रंगेली अस्पतालको नाममा रहेको लक्ष्मी सनराइज बैक लि. मा रहेको धरौटी खाता नं. २७११६०४८०९०११०१६ मा जम्मा गरेको भौचरको वा दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन देखी १२० दिन मान्य अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

४. मुल्य अभिवृद्धि कर छुट हुने र मुल्य अभिवृद्धि कर छुट नहुने रिएजेन्टहरुको मुल्य सोही अनुसार भर्नुपर्नेछ।

५. दरभाउपत्र दाताहरु मध्ये सबैभन्दा घटी शुल्क प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गरिने छ ।

६. दरभाउपत्र फारम पेश गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिइएकोलाई मान्यता दिइनेछ । साथै केरमेट भएको ठाउँमा सही छाप हुनु पर्नेछ ।

७. दर्ता भएका दरभाउपत्रहरु नियमानुसार कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

८ स्वीकृत दरभाउपत्र अनुसारको Reagents/Consumables/Chemicals अस्पतालको आवश्यकता अनुसार खरिद गरिनेछ ।

९. दरभाउपत्र साथ आपूर्ति गर्ने Reagents/Consumables/Chemicals को कम्पनी सम्बन्धित निकायमा रजिष्टर भएको प्रमाण पेश गरेको हुनु पर्नेछ साथै WHO/ ISO/ GMP/ Certified Company बाट उत्पादित रिएजेन्ट मात्र सप्लाइ गर्नु पर्नेछ।

१०. Reagents/Consumables/Chemicals हरुको आपुर्ति मिति २०८२ असार मसान्त सम्म गर्नुपर्ने छ र सो रिएजेन्टहरुको म्याद आपुर्तिको मितिदेखि कम्तीमा १२ महिना बांकी रहेको हुनुपर्नेछ।

११. अन्य बिषय सार्वजनिक खरिद ऐन, २०६३ र नियमाली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

१२. कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ ।

१३. दरभाउ पत्र फारम तथा थप अन्य जानकारीको लागि रंगेली अस्पतालको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

रंगेली नगरपालिका नगर कार्यपालिकाको कार्यालय रंगेली अस्पताल रंगेली, मोरङ

मेडिकल सुपरिटेण्डेन्ट
रंगेली अस्पताल

CamScanner